मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

कसैलाई बोक्सीको आरोप लगाउनु मानवता विरुद्ध, कानुन विरुद्ध, निन्दनीय र दण्डनीय कार्य हो। यसर्थ कसैलाई बोक्सीको आरोप नलगाऔं।
नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

राष्ट्रिय दैनिक
# मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

ग्राहक महानुभावमा अनुरोध
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा।
- समयमै पत्रिका प्राप्त नभएमा।
- ग्राहक बन्नु परेमा।
- विज्ञापन दिनु परेमा।

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल-९, मिलनचोक, रुपन्देही
फोन: ०७१-५४६००५

वर्ष-२१ | अंक-१६४ | २०७८ जेष्ठ १८ गते मंगलवार | 1 June- 2021 Tuesday | पृष्ठ ४+२ | मूल्य रू. ५।-

# राष्ट्रिय सभा सदस्यमा पाण्डे निर्वाचित

बुटवल, जेठ १७ । लुम्बिनी प्रदेशमा सोमबार भएको राष्ट्रिय सभा उपनिर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार दृगनारायण पाण्डेय विजयी भएका छन् । पाण्डे कांग्रेस माओवादी केन्द्र जसपा (उपेन्द्र यादव) पक्ष र राष्ट्रिय जनमोर्चाका साझा उम्मेदवार हुन। उनले नेकपा एमालेका उम्मेदवार चन्द्रबहादुर खड्कालाई ५२८ मतभारले हराएका हुन्। पाण्डेयले ४१४० मत ल्याए भने खड्काले ३६१२ मत पाए । मतदानमा २९७ जनाले मतदान गरेका थिए।

त्यसमध्ये स्थानीय तहतर्फ खसेको २१२ मध्ये पाण्डेयले ११८ मत पाए भने एमालेका उम्मेदवार खड्काले ९४ मत ल्याए। प्रदेश सभाका ८३ मतमध्ये पनि एक मत बदर भएको थियो। पाण्डेले ४२ मत पाएका थिए भने खड्काले ४० मत ल्याएका थिए।


दृगनारायण पाण्डे
मतभार : ४१४०


चन्द्रबहादुर खड्का
मतभार : ३५९४

राष्ट्रिय सभा सदस्यमा लुम्बिनीबाट सोमबार निर्वाचित सांसद पाण्डेले सधैं सफल देखिएका छ। उनी प्रदेशसभा हुँदै राष्ट्रिय सभा सदस्यमा निर्वाचित भए। यसअगाडि उनी नेकपा एमालेबाट कपिलवस्तु क्षेत्र नम्बर २ (क) बाट प्रत्यक्ष निर्वाचित सांसद थिए। कांग्रेसको राजनीति गरेका उनी २०७४ मा भएको निर्वाचनमा कांग्रेसले टिकट नदिएपछि उनी एमालेमा प्रवेश गरेर चुनाव लडेर जितेका थिए । गएको वैशाख १९ गते मुख्यमन्त्रीले राजिनामा दिएर पुन नियुक्तिप्रति असन्तुष्टि जनाउँदै एमाले र पार्टी सांसद पद त्याग गरेका थिए । सांसद पद त्याग गरेपछि पाण्डेले प्रदेशसभाको कांग्रेस माओवादी, जसपा (उपेन्द्र यादव समूह) र राष्ट्रिय जनमोर्चाले राष्ट्रिय सभा सदस्यमा उम्मेदवार बनाउने घोषणा गरेका थिए। पाण्डेले एमालेका चन्द्रबहादुर खड्कालाई गठबन्धनको भोट सहित पाण्डे राष्ट्रिय सभा सदस्यमा निर्वाचित भए । उनी कांग्रेसमा रहदा पार्टीको क्षेत्रीय सभापतिसम्म भएका थिए।

प्रदेशसभा पनि उनी सामाजिक विकास समितिको सभापति थिए । कांग्रेस लुम्बिनी प्रदेशसभाका प्रमुख सचेतक फकरुद्धिन खाँनले पुरानै घरमा फर्किर पाण्डे राष्ट्रियसभा सदस्य बन्नुभएको बताए । उनले भने, 'केही समय विरक्तिएर एमाले बन्नुभयो । फेरि पुरानै घरमा फर्किएर राष्ट्रियसभा सदस्य बन्नुभयो ।' खाँनले थपे, 'लुम्बिनी प्रदेश सरकार राष्ट्रियसभा सदस्य निर्वाचनबाट प्रष्ट अल्पमतमा देखियो । मुख्यमन्त्रीले नैतिकताका आधारमा अब पद छाडनुपर्छ ।' प्रदेशभाको पाण्डेलाई ४२ मत खसेको छ।

पाण्डे सबैसँग घुलमिल हुन सक्ने र सरल स्वभावका मानिन्छन। विजयी भएपछि प्रतिक्रिया दिँदै पाण्डेले यो जित लोकतन्त्र र प्रजातन्त्रको जित भएको बताएका छन् । 'यो जित राष्ट्रिय एकताको जित हो । अहिले राष्ट्रिय एकता जरुरी छ ।' पाण्डेले भने । राष्ट्रियसभामा गएर संघीयता, गणतन्त्र, संविधानलाई संकटमा पारिएको छ ती मुद्दालाई सशक्त ढंगले उठाउने पाण्डेले बताए।

# तिलोत्तमाले पायो धेरै अनुदान

बुटवल, जेठ १७। बुटवल। नेपाल सरकारका अर्थमन्त्री विष्णु पौडेलले यहीँ जेठ १५ गते सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/७९ को बजेटमा तिलोत्तमा नगरपालिकाले मुलुकमा रहेका नगरपालिकाहरुमध्ये सबैभन्दा बढी बजेट प्राप्त गरेको छ।

तिलोत्तमाले पूराना नगरपालिकालाई समेत उछिन्दै विभिन्न मापदण्डको आधारमा संघीय सरकारबाट सबैभन्दा बढी बजेट प्राप्त गरेको हो।

तिलोत्तमाले सबैभन्दा बढी बजेट पाउँदा सिराहाको कर्जन्हा नगरपालिका सबैभन्दा कम बजेट प्राप्त गरेको छ। सो नगरपालिकाले २७ करोड ६४ लाख रुपैंयाँ प्राप्त गरेको छ । तिलोत्तमाले प्राप्त गरेको बजेट मुलुकका महानगर, उपमहानगरपालिका पछिको रहेको छ।



तिलोत्तमालाई केही समयअघि नेपाल नगरपालिका संघले उत्कृष्ट नगरपालिकाको रुपमा सम्मान समेत गरेको थियो । तिलोत्तमाले प्राप्त गरेको बजेट रुपन्देहीमा रहेको बुटवल उपमहानगरपालिको भन्दा पनि धेरै छ। तिलोत्तमाले कुल ८३ करोड ३७ लाख बजेट प्राप्त गर्दा बुटवलले ७८ करोड ९७ लाख प्राप्त गरेको छ।

नेपाल सरकारले समानीकरण अनुदान (कार्यसम्पादनमा आधारित अनुदान, न्यूनतम अनुदान, सुत्रमा आधारित अनुदान), ससर्त अनुदान, समपुरक अनुदान गरी स्थानीय तहलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण गर्दै आएको छ। रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाले ५४ करोड १५ लाख, सिद्धार्थनगर नगरपालिकाले ५३ करोड ४३ लाख, सैनामैना नगरपालिकाले ४२ लाख ६५ लाख र देवदह नगरपालिकाले ४२ करोड ६० लाख प्राप्त गरेका छन्।

लुम्बिनी प्रदेशका उपमहानगरपालिकाहरु मध्ये सबैभन्दा बढी घोराही उपमहानगरपालिकाले एक अर्ब तीन करोड ५५ लाख प्राप्त गर्दा तुल्सीपुर उपमहानगरपालिकाले ९१ करोड ५८ लाख र नेपालगञ्ज उपमहानगरपालिकाले ९४ करोड ६१ लख प्राप्त गरेको अर्थमन्त्रालयले सार्वजनिक गरेको बजेटमा उल्लेख छ।

संघीय सरकारले स्थानीय तहलाई त्यहाँको जनसंख्या, भूगोल, पालिकाको महत्वको आधारमा न्यूनतम अनुदान उपलब्ध गराउँदै आएको छ । रुपन्देहीको बुटवल उपमहानगरपालिकाले न्यूनतम अनुदान ८ करोड २५ लाख प्राप्त गर्दा तिलोत्तमाले ५ करोड, देवदहले ३ करोड ७५ लाख, लुम्बिनी सांस्कृतिक नगरपालिकाले ४ करोड २५ लाख, सिद्धार्थनगरपालिकाले ४ करोड र सैनामैनाले ३ करोड ७५ लाख प्राप्त गरेका छन्।

आगामी आर्थिक वर्षमा रुपन्देहीको ओमसतिया गाउँपालिकाले २८ करोड ६० लाख, कञ्चन गाउँपालिकाले ३३ करोड ७५ लाख, कोटहीमाई गाउँपालिकाले २८ करोड ९० लाख, गैडहवा गाउँपालिकाले ३२ करोड ७८ लाख, मर्चवारी गाउँपालिकाले ३० करोड ९५ लाख, मायादेवी गाउँपालिकाले ३५ करोड ८८ लाख, रोहिणी गाउँपालिकाले ३४ करोड १९ लाख, शुद्धोधन गाउँपालिकाले ३१ करोड ४३ लाख, सम्मरीमाई गाउँपालिकाले ३२ करोड ७५ लाख र सियारी गाउँपालिकाले ३८ करोड ५० लाख अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत् संघीय सरकारबाट बजेट प्राप्त गरेका छन्।

स्थानीय सरकारलेहरुले संघीय र प्रदेश सरकारबाट अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने बजेट समेतको आधारमा आगामी आर्थिक वर्षको लागि आफ्नो बजेट सार्वजनिक गर्छन्।

# बुटवलको टोलटोलमा निःशुल्क परीक्षण



बुटवल, जेठ १७। बुटवलमा आजदेखि टोल-टोलमा कोभिडको निशुल्क परीक्षण सुरु भएको छ । मोतिपुर, नयाँगाउँ, तामनगर, सेमलार, बुद्धनगर र उपमहानगरपालिका परिसरमा सर्वसाधारणको निशुल्क परीक्षण गरिएको छ । हालसम्म ६२ जनाको परीक्षण भएकोमा १४ जनामा संक्रमण पोजेटिभ देखिएको छ । मोतिपुर स्वास्थ्य चौकी, नयाँगाउँ सहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र र कार्यालय परिसरमा एन्टिजेनबाट परीक्षण भइरहेको छ। बुटवल उपमहानगरले सबै वडाका धेरै संक्रमित भेटिएका र जोखिमपूर्ण 'हस्टस्पट' क्षेत्र पहिचान गरि एकसाथ धेरैजनाको एन्टिजेनबाट परीक्षण सुरु गरिएको हो ।सोमबारदेखि सुरु भएको परीक्षण उपमहानगरपालिकाका सबै वडाका टोलमा पायक मिलाएर २१ गतेसम्म गरिनेछ । महामारी विरुद्धको अभियान सशक्त बनाउने उद्देश्यले समुदाय स्तरमा व्यापक परीक्षण गरिएको बताउँदै प्रमुख शिवराज सुवेदीले स्वास्थ्य मापदण्ड र स्वनियममा बस्न आग्रह गरेका छन्।

स्वास्थ्यकर्मीलाई क्षेत्र तोकेर जिम्मेवारी प्रदान गरिएको प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रेग्मीले बताए । सावधानी र स्वास्थ्य मापदण्ड सबैले पालना गरौं। उपमहानगरका जनप्रतिनिधि तथा विज्ञहरूले सकारात्मक सन्देश प्रवाह गर्न र मनोबल उच्च राख्न आग्रह गरेका छन् । जनस्वास्थ्यको संवेदनशीलता र महामारी विरुद्धको जारी अभियानलाई प्रभावकारी बनाउन एकैपटक सबैतिरबाट परीक्षण गर्न लागिएको प्रमुख सुवेदीले बताए। (बाँकी ४ पेजमा)

# एसइई परीक्षा आन्तरिक मूल्यांकनबाट

काठमाडौं, जेठ १७ । शिक्षा मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) आन्तरिक मूल्यांकन विधि अनुसार गराउने प्रस्ताव मन्त्रिपरिषदमा लैजाने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रालयको बैठकले एसईई परीक्षाको आन्तरिक मूल्यांकन विधि अनुसार गराउने प्रस्ताव मन्त्रिपरिषदमा पठाउने निर्णय गरेको शिक्षामन्त्रीका प्रेस संयोजक ईश्वरराज ढकालले जानकारी दिए। 'मन्त्रालयको बैठकले आन्तरिक मूल्यांकन विधि अर्थात् गत वर्षकै विधि अनुरुप गराउने प्रस्ताव मन्त्रिपरिषदलाई पठाउने निर्णय गरेको छ,' उनले भने।

गत वर्ष विद्यालयको प्रधानाध्यापक, कक्षा शिक्षक र अनुभवी शिक्षक गरी तीन सदस्यीय मूल्यांकन समिति गठन गरी पहिलो त्रैमासिक अवधिको मूल्यांकन १० प्रतिशत, दोस्रो त्रैमासिक अवधिको मूल्यांकन ३० प्रतिशत र शैक्षिक सत्रको अन्त्यसम्ममा निर्धारित सबै विषयवस्तु मूल्यांकन भएको थियो।

मूल्यांकन विवरण तयार गर्न राष्ट्रिय परीक्षा बोर्डले एसईई कक्षा १० को मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी गरेको थियो। जस अनुसार मूल्यांकन समितिले राष्ट्रिय परीक्षा बोर्डले तोके अनुरुप विद्यार्थीको प्राप्ताङ्क शिक्षा विकास तथा समन्वय इकाईमा बुझाएपछि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईहरुले उक्त विवरण राष्ट्रिय परीक्षा बोर्डमा पठाएको थियो।

समितिले बुझाएको विद्यार्थीको प्राप्ताङ्कको आधारमा बोर्डले परीक्षाफल तयार गरी प्रमाणपत्र जारी गरेको थियो।

# बजेटमा पाल्पा: पर्यटकीय पूर्वाधारदेखि जल यातायातसम्म

रामपुर जेठ १७ । ऐतिहासिक एवं पर्यटकीय जिल्ला पाल्पामा पर्यटकीय पूर्वाधार विकाससँगै जल यातायातसम्मका आयोजना आर्थिक वर्ष २०७८/०७९को बजेटमा समेटिदा यहाँका स्थानीयमा आशा जगाएको छ।

आगामी आर्थिक वर्ष २०७८/०७९ को वजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पाल्पाको राम्दीदेखि देवघाटसम्म जल यातायात सञ्चालन गर्न अध्ययनका लागि बजेट व्यवस्थापनका साथै पर्यटकीय पूर्वाधार विकासका लागि विभिन्न योजना अघि सारिएको बताउनुभयो । कालीगण्डकी करिडोर निर्माण कार्यको निरन्तरता दिई कालीगण्डकीको राम्दीदेखि देवघाटसम्म जल यातायात सञ्चालनार्थ सरकारले बजेट व्यवस्थापन गर्ने विषय बजेट भाषणमा उल्लेख छ।

धार्मिक, सांस्कृतिक, पर्यटकीय हिसाबले महत्वपूर्ण कालीगण्डकीमा जल यातायात सञ्चालनका निम्ति सरकारले प्राथमिकतामा राखेपछि कालीगण्डकी तटका नागरिकले धेरै फाइदा लिन सक्ने नेकपा एमाले रामपुर नगर इन्चार्ज राजुप्रसाद श्रेष्ठ बताए।

'कालीगण्डकी नदी राम्दीबाट डाइभर्सन गर्ने कुरा पनि उठिरहेको छ, हामी तल्लो क्षेत्रका नागरिक डाइभर्सन गर्न नदिने पक्षमा उभिएका छौं, प्रसङ्ग जे उठेपनि बहेको नदीको पानीलाई सदुपयोग गर्दै व्यावसायिक रुपमा जल यातायात सञ्चालनका लागि नेपाल सरकारले ल्याएको योजना अति उत्तम छ, जलबिनाको जल यातायात सञ्चालनका लागि सरकारले पक्कै पनि योजना अगाडि त सारेको छैन होला' उनले भने।

कालीगण्डकी वारिपारी सिँचाई भावमा सुख्खा बस्ती धेरै रहेको हुँदा त्यस क्षेत्रमा सिँचाइका लागि लिफ्टिङ् प्रणालीमार्फत् खेतबारीमा सिँचाइ सुबिधा, नदीमा जल यातायात सञ्चालन भएपछि कालीगण्डकी वेसीका तल्ला क्षेत्रका नागरिकमा ठूलो परिवर्तन आउने श्रेष्ठले बताए। बहेको पानीलाई सदुपयोग गरी आयस्रोत लिने र पर्यटकीय क्षेत्र विकास गर्न कालीगण्डकीमा जलयात्रा सञ्चालनका लागि विभिन्न समयमा विभिन्न निकायबाट परीक्षणका कार्य पनि भइरहेको छ । कालीगण्डकीको तल्लो भाग राम्दीदेखि देवघाटसम्म नियमित ऱ्याफ्टिङ चलाउन कर्णाली ऱ्याफ्टिङ एण्ड एड्भेन्चरका विज्ञसहितको टोलीले दुई वर्ष अघि नै तीन खण्डमा कालीगण्डकीमा सफल परीक्षण गरिसकेका छन् । सो परीक्षण पश्चात यो क्षेत्र पारिवारिक जलयात्राका लागि अति उत्तम मानिएको विज्ञ सतिको टोलीले निष्कर्ष निकालेपछि यसले व्यापक चर्चा पाएको छ। पारिवारिक जलयात्राको अनुभूति दिलाउन, व्यावसायिक हिसाबले नियमित जलयात्रा सञ्चालन गर्न रामपुर नगरपालिकाको आयोजनामा बृहत कालीगण्डकी जलयात्रा महोत्सव पनि गरियो।

विसं २०७६ को वैशाख ६ र ७ गते नेपाल पर्यटन बोर्डको प्रर्वद्धनमा भएको बृहत् जलयात्रा महोत्सव पश्चात् धेरैले यहाँ व्यवसायिक ढङ्गबाट जलयात्रा गर्न सुझाव समेत दिएका छन् । यस नदीमा नियमित जलयात्राका माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने प्रशस्त सम्भावना छ।

कालीगण्डकी बेसीका पाल्पाको रम्भा गाउँपालिका, स्याङ्जाको चापाकोट नगरपालिका, तनहुँको घिरिङ गाउँपालिकाले ऐक्यबद्धता जनाउँदै यस नदीको पानीलाई पर्यटनसँग जोडेर पारिवारिक जलयात्रा गरी विश्वसामु चिनाउन स्थानीय तहको पहलमा अगाडि बढ्ने बताइएको छ। करिब तीन सय जना सहभागीले रमाइलोसँग राम्दीको मालुङ्गाधामदेखि पुट्टारघाटसम्म जलयात्रामा मनोरञ्जन लिए। यसबाट पनि धेरैले व्यवसायिक तवरबाट जलयात्रा गर्न सुझाव दिएका छन् । गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले नदी महोत्सवको उद्धाटन गरेका थिए। उनले पवित्र यस कालीगण्डकी नदीमा जलयात्रा सञ्चालन गरेर नागरिकले भरपुर आयस्रोत लिन सक्ने बताउदै ड्राइभर्सन गरेर अन्यत्र लगिए कालीगण्डकीको तल्लो क्षेत्रमा ठूलो असर पुग्ने बताएका थिए। नदी ड्राइभर्सन भएको खण्डमा जलवायु, वातावरणीय, धार्मिक तथा साँस्कृतिक अस्तित्व नै मेटिने बताउँदै उनले गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको भविष्य कालीगण्डकीसँग जोडिएकाले पनि नदीलाई ड्राइभर्सन गरेर अन्यत्र लैजान नहुने बताएका थिए।

राम्दीबाट कालीगण्डकी नदी थुनेर नेपालका तराई र भारतीय भूभागमा लैजादा तल्लो भेगका जनताको शिर काटीए सरह हुने अभिव्यक्ति पनि समय समयमा आउने गरेको छ । गण्डकी प्रदेश सरकारले पनि कालीगण्डकी ड्राइभर्सन गरेर अन्यत्र लैजान नदिने निर्णय पनि गरेको छ। राष्ट्रिय योजनाका रुपमा नदी ड्राइभर्सन गर्न नहुने कुरा व्यापक भइसकेको छ। कालीगण्डकी नेपालका नदीहरुमध्येको महत्वपूर्ण रहेको र कालीगण्डकीसँग जोडिएका लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका विभिन्न भाग पुल, सडक समस्याका कारण पछाडि परिरहेको बताउँदै कालीगण्डकी उपत्यका विकासका लागि एकीकृत विकास आवश्यक रहेको छ। कालीगण्डकीले दुई प्रदेशबीचको भविष्य जोडेकाले पनि विभिन्न सडक सञ्जाललाई जोडेर कालीगण्डकी उपत्यकाको विकास गर्नुपर्नेमा आवश्यकतासम्बन्धी आवाज विगत लामो समयदेखि नै उठेको हो।

यस पटकको बजेट भाषणमा सरकारले कालीगण्डकीलाई जलयात्रा सञ्चालनका लागि समावेश भएकोमा सरकारलाई धन्यवाद दिन चाहान्छु तर योसँगै कालीगण्डकी तिनाउँ डाइभर्सन योजना पनि समावेश गरेको हुँदा यसले भ्रम सिर्जना गरेजस्तै लागेको नगर प्रमुख रमणबहादुर थापाले बताए।

(बाँकी ४ पेजमा)



## बजेटमा ...

'राम्दीबाट नदीलाई डाइभर्सन गरेर तिनाउँमा लैजाने प्रक्रियाको बिरोधमा नदी बचाउन र यसको साँस्कृतिक, धार्मिक अस्तित्व जोगाउनका लागि हामी लागि परिरहेका छौँ, अहिले कालीगण्डकीमा जल यातायात सञ्चालन र तिनाउँ डाइभर्सन योजना पनि एकैसाथ समावेश गरिँदा नागरिकलाई दोधारमा पार्ने काम भएको जस्तो मात्र लागेको छ' नगर प्रमुख थापाले भने।

सरकारले कालीगण्डकी नदीमा जल यातायात सञ्चालनका लागि ल्याएको योजना स्वागतयोग्य र धैरै राम्रो रहेको हुँदा नदीमा व्यावसायिक तवरले जल यातायात सञ्चालन गरेर आर्थिक समृद्धि भित्र्याउन सकिने रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए। तिनाउँ कालीगण्डकी डाइभर्सन आयोजना अन्तर्गत नौ डायामिटरको सुरुङ्ग निर्माण हुनेछ। कालीगण्डकीमा जल यातायात सञ्चालन र तिनाउँ डाइभर्सन योजना पनि एकैसाथ समावेश गरिदा बिरोध र समर्थनका नागरिकले आ आफ्ना तर्क, अभिव्यक्ति सामाजिक सञ्जालमार्फत व्यक्त गरिरहेका छन्। कतिपयले कालीगण्डकीमा जल यातायात सञ्चालन हुने कुराले नागरिकको जीवनस्तर उकासिनेमा खुशी व्यक्त गरेका छन् भने कतिपयले तिनाउँ डाइभर्सन योजना पनि वजेट भाषणमा सम्बोधन भएकोमा राम्दीबाट पानी थुनेर तिनाउँमा लैजाने कार्यले तल्लो क्षेत्रमा नदीमा पानीको बहाव घट्ने हुँदा यसतर्फ सोच्नुपर्ने टिकाटिप्पणी पनि गरिरहेको पाइन्छ। यस्तै नेपाल सरकारको तर्फबाट कालीगण्डकी नदीमा जलयान अर्थात् पानीजहाज सञ्चालनका निम्ति विसं २०७७ को चैत पहिलो साता सर्वे गरिएको छ। पाल्पाको राम्दीदेखि देवघाटसम्म जलयान सञ्चालन निम्ति छवटा समूहले स्थलगत परीक्षण तथा सर्वे गरेका हुन्। पाल्पाको राम्दीदेखि देवघाटसम्म एक सय ३५ किलोमिटर जलयान सञ्चालनको योजना बनाइएको छ। सरकारले नेपालका विभिन्न नदीमाजस्तै कालीगण्डकीमा पनि पानीजहाज सञ्चालनका निम्ति परीक्षण गर्न सर्वे गरिएको सर्वेका क्रममा नेपाल पानीजहाज कार्यालय काठमाडौँका निमित्त प्रमुख विपिनराज भण्डारीले जानकारी दिए। उनले अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने पानीजहाजमा नेपालको झण्डा राखेको पानीजहाज सञ्चालन गर्ने योजना रहेको र आन्तरिक रुपमा नेपालका नदीमा पानीको बहावअनुसारका साना खालका पानी जहाज सञ्चालन गरिने बताए। कोशी नदीमा तुम्लीङ्टारदेखि चतरासम्म, नारायणीमा देवघाटबाट तल गण्डकसम्म, कालीनदीमा राम्दीदेखि देवघाटसम्म तथा कर्णाली नदीमा जहाज सञ्चालनका निम्ति सर्वेको काम गरिएको नेपाल पानी जहाज कार्यालय काठमाडौँका निमित्त प्रमुख भण्डारीले बताएका थिए।

सर्वे कार्यमा निस्कीएका जलश्रोतविद् अनुप खनालले नदीमा पानीको सतहलाई हेर्दा पानीजहाज सञ्चालनका निम्ति सम्भव रहेको बताए। उनले कालीगण्डकी नदीमा नेपालमै पहिलो पटक अत्याधुनिक मेसिनबाट पानीको गहिराई नाप गरिएको, केही ठाउँमा गहिराई नपुग्ने तथा छेउछाउका ढुङ्गा हटाउनुपर्ने ठाउँमा हटाउने र अन्तर्राष्ट्रियस्तरमा भएका प्रयासलाई प्रयोग गरी तयार गरेको प्रतिवेदन सरकारलाई बुझाउने जानकारी दिए। छवटा टोलीले राम्दीदेखि देवघाटसम्म कालीगण्डकी नदीका विभिन्न भागमा परीक्षण गरेको छ। विसं २०४०/४१ तिर पानीको अनुमानित आँकलनबाट पनि सञ्चालन भएको जलयान पनि त्यो समयमा कालीगण्डकी नदीमा सफल भएकोले अहिले प्रविधिको प्रयोगबाट सुरक्षित हिसावले नाप जाँच परीक्षण गरिएको टोलीले जानकारी दिएको छ।

नेपालमा शालिग्राम पाइने एकमात्र कालीगण्डकी नदीलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न पानीजहाज अर्थात् जलयान सञ्चालन गरेर प्रशस्त आयस्रोत लिन सकिने छ। पानीजहाज सञ्चालन कार्य शुरु भएपछि गण्डकी वारिपारीका स्थानीयले धेरै फाइदा लिन सकिने हुदा सफल परीक्षणपश्चात् व्यावसायिक रुपमा जलयान सञ्चालन गर्न सम्बन्धित निकाय अग्रसर भएर लाग्नुपर्ने छ। धार्मिक, ऐतिहासिक, प्राकृतिक र पर्यटकीय तथा जैविक विविधताले भरिपूर्ण मानिएको कालीगण्डकीमा जलयात्रा गरेर प्रशस्त आम्दानी लिन सकिने सम्भावना छ।

## बुटवलको ...

मनोबल उच्च राख्न उनले आग्रह गरेका छन्। बुटवलमा संक्रमितको घरदैलोमै पुगेर आयुर्वेद ओखती वितरण गरिएको छ भने योगा र ध्यान सिकाइएको छ। वडा र स्वास्थ्यकर्मीलाई जिम्मेवारी तोकेर फिल्डमा परिचालन गरिएको छ। महामारी नियन्त्रणका लागि बुटवलले मुलुकमै नमुना र उदाहरणीय काम गर्दैआएको छ। संक्रमितलाई हौसला बढाउन आयुर्वेद ओखती, भिटामिनहरु र जरुरी परेकालाई अक्सिजन सिलिन्डर नै बोकेर बुटवलका जनप्रतिनिधि र स्वास्थ्यकर्मी घरदैलोमा पुगेका छन्। निःशुल्क परीक्षण आगामी २१ गतेसम्म हुने उपमहानगरका प्रवक्ता रामप्रसाद रेग्मीले बताए।

## मध्यविन्दुमा दृश्यावलोकन स्तम्भ बन्दै

नवलपुर, जेठ १७। नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को मध्यविन्दु-३ मा रु ६५ लाखको लागतमा दृश्यावलोकन स्तम्भ निर्माण शुरु गरिएको छ। मध्यविन्दु-३ ब्रह्मस्थानमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न यहाँको वनभोज स्थलमा दृश्यावलोकन स्तम्भ निर्माण शुरु गरिएको नगरप्रमुख चन्द्रबहादुर रानाले बताए।

'अहिले भ्यू टावर निर्माण शुरु गरिएको यो ठाउँ नारायणी नदीसँगै जोडिएको छ', नगरप्रमुख रानाले भने, 'नारायणी नदीको पारिपट्टि चितवन राष्ट्रिय निकुञ्ज छ, दृश्यावलोकन स्तम्भ निर्माण शुरु गरिएको ठाउँबाट दुर्लभ वन्यजन्तु गैँडा, सङ्कटापन्न अवस्थाका घडियाल गोही सहजरुपमा देख्न सकिन्छ।' प्राकृतिकरुपमा समेत रमणीय रहेकाले ब्रह्मस्थानमा दृश्यावलोकन स्तम्भ निर्माणको काम अगाडि बढाइएको नगरप्रमुख रानाले बताए। नगरपालिका-२, ३, ४, ६ र १२ मा घरबास (होमस्टे) रहेकाले घरबाससँगै यहाँको पर्यटन प्रवर्द्धनका लागि दृश्यावलोकन स्तम्भ बनाउन शुरु गरिएको रानाको भनाइ छ। ब्रह्मस्थानमा निर्माण शुरु गरिएको भ्यू टावरको माटो परीक्षण तथा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्न नगरपालिकाको रु पाँच लाख खर्च भएको छ', नगरप्रमुख रानाले भने, 'अहिले गण्डकी प्रदेशसभा सदस्य विष्णुप्रसाद लामिछानेको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु १० लाखमा काम शुरु गरेका छौँ, आवश्यक पर्ने बाँकी रकम आगामी आर्थिक वर्षमा जुटाउने छौँ।'

आगामी आर्थिक वर्ष २०७८/७९ मा भ्यू टावर निर्माण सम्पन्न गर्नेगरी काम अगाडि बढाइएको रानाले बताए। नगरपालिकाले ब्रह्मस्थानसहित वडा नं १४ को दुई स्थानमा समेत दृश्यावलोकन स्तम्भ निर्माणका लागि काम अगाडि बढाएको उनको भनाइ छ।

# सुर्तीजन्य पदार्थ सेवन गर्नेमा संक्रमणको जोखिम

काठमाडौं, जेठ १७। सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्ति कोभिड-१९ संक्रमणको उच्च जोखिममा हुने गरेको छन्। सुर्तीजन्य पदार्थको सेवनले फोक्सो, मुटुमा असर गर्ने र संक्रमणले पनि फोक्सो र मुटुलाई बढी असर गर्ने भएकाले जोखिम रहेको हो। संक्रमणको दोस्रो लहर देखिएपछि अधिकांश बिरामीमा फोक्सो र मुटुमा गम्भीर असर पुर्याएको छ। अहिले सङ्क्रमितलाई धेरै जसो फोक्सोमा समस्या आई अक्सिजन दिनुपरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र एक्सन नेपालले आज यहाँ आयोजना गरेको 'कोभिड-१९ को सङ्क्रमणबाट बचाउन नागरिकलाई सुर्तीजन्य पदार्थ छुटाउ' विषयक अन्तरक्रिया कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रतिनिधि डा.राजेश पाण्डवले सुर्तीजन्य पदार्थ सेवन गर्नेको फोक्सोमा पहिले नै क्षति भइसकेको हुने र सङ्क्रमणले झनै असर गर्ने गरेको छ। उनले अहिले सङ्क्रमणले सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्तिलाई बढी गम्भीर बनाउने भएकाले सेवन छाड्नुपर्ने बताए। उनका अनुसार धुम्रपान तथा सुर्तीजन्य पदार्थ त्याग गरेको २० मिनेटमा नै मुटुको धडकनमा सुधार आउने बताए। यस्तै धुम्रपान छाडेको १२ घण्टाभित्र रगतमा कार्बोन मोनो अक्साइडको मात्रा कम भई रक्तचाप सामान्य अवस्थामा आउने र दुई हप्तादेखि १२ हप्तामा फोक्सोमा सुधार आउने, एकदेखि नौ महिनासम्म खोक्ने र छिटोछिटो सास फेर्नमा सुधार आउँछ। यसैगरी १० वर्षभित्रमा फोक्सोको क्यान्सर तथा १५ वर्षभित्रमा मुटुसम्बन्धी रोग लाग्ने सम्भावनासमेत घट्छ। नेपाल कार्डियो सेन्टरका वरिष्ठ कार्डियोलोजिष्टडा.ओममुक्तिअनिलले अहिले कोभिड-१९ का कारणले सुर्तीजन्य पदार्थ सेवन घटेको बताए। उनले अहिले घटिरहेको सुर्तीजन्य पदार्थको सेवनलाई निरुत्साहित गर्न उत्प्रेरणा दिने खालका कार्यक्रम ल्याउनुपर्ने बताए। उनले दिनमा एक दुईवटा चुरोट खाँदा पनि हृदयाघात, फोक्सोमा क्यान्सर जस्ता समस्या देखिएको जानकारी दिए। युवा अवस्थामा नै सुर्तीजन्य पदार्थको सेवन छाड्न सके स्वास्थ्यलाई फाइदा हुने उनको भनाइ छ। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक डा. राधिका थपलियाका अनुसार नेपालमा वर्षेनि २७ हजार १३७ व्यक्तिको मृत्यु सुर्तीजन्य पदार्थको सेवनले हुने गरेको छ। त्यो नेपालमा मृत्युको करीब १५ प्रतिशत हो। सुर्तीजन्य पदार्थको सेवनले नसर्ने रोग क्यान्सर, मुटुरोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गरेको छ। विश्वमा करीब ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनबाट हुने र १२ लाख व्यक्तिको सँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने गरेको छ। केन्द्रका निर्देशक डा थपलियाका अनुसार नेपालको तथ्याङ्कले हाल सुर्तीजन्य पदार्थ सेवन गर्ने २८.९ प्रतिशत रहेका देखाएको बताए। तीमध्ये ४८.३ पुरुष र ११.६ प्रतिशत महिला छन्। यसैगरी पहिलोपटक धुम्रपान शुरु गर्दाको औषत उमेर १७.८ रहेको छ। दिनहुँ चुरोट खाने व्यक्तिले प्रत्येक दिन करीब ६.५ वटा चुरोट खाने गरेका छन्। नेपालमा वर्षेनि सुर्तीजन्य पदार्थको सेवनले उपचारार्थ खर्च, रोगीको उत्पादकत्वमा आएको ह्रास, अकाल मृत्यु र अशक्त हुँदा करीब रु ४७ अर्ब क्षति हुने गरेको छ।

### सुर्तीजन्य पदार्थको करमा वृद्धि

सरकारले सुर्तीजन्य पदार्थको करमा वृद्धि गरेको छ। आव २०७८/७९ मा अहिले भएको करमा २५ प्रतिशत वृद्धि गरेको छ। अहिले सुर्तीजन्य पदार्थमा ३० प्रतिशत कर रहेको थियो। विश्व स्वास्थ्य सङ्गठनले कम्तीमा ७५ प्रतिशत कर हुनुपर्ने उल्लेख गरेको छ।

### कानून कार्यान्वयनमा जोड

पूर्वसांसद खगराज अधिकारी, रामकुमारी झाँक्री, कोमल वली लगायतले सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि बनाइएको कानून कार्यान्वयन नहुँदा सेवन गर्ने सङ्ख्या बढ्दो रहेको बताए। 'मानिस नखाएर बाँच्न नसक्ने अवस्था छ, त्यो अवस्थाबाट मानिसलाई निकाल्नु पर्दछ', पूर्वसांसद वलीले भने, 'धुम्रपानको विकल्प हामीले दिन सक्यो भने छुटाउन सक्दछौँ।'

सोमबार नेपालसहित विश्वभरि 'सुर्तीजन्य कुलत छाड्ने प्रतिज्ञा गर्नुहोस्ः कुलत त्याग्नेहरू नै वास्तविक विजेता हुन्' भन्ने नाराका साथ विश्व सुर्तीजन्य पदार्थ रहित दिवस मनाइएको छ।


## ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी ट्याङ्की, रिङ भरिएर वा सिटनाली जाम भएर समस्या छ ? तपाईको समस्या ५ मिनेटमै समाधान गर्न शक्तिशाली भ्याकुम पम्पद्वारा स्तरीय सेवाका लागि हामीलाई सम्झनुहोस्।

**गगन सेनेटरी**
बुटवल-८, सुख्खानगर, रुपन्देही
फोनः ९८६७०२१६१४, ९८१५४४७६४८, ९८०४४१३२८७


## कोटेशन आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८।२।१८

यस श्री उजिर सिंह माध्यमिक विद्यालय बुटवलको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कम्प्युटर ल्याव व्यवस्थापनको लागि निम्नानुसारको सामाग्री आवश्यकता परेको हुनाले इच्छुक दर्ता फर्मबाट सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रमा विद्यालयमा आ-आफ्नो फर्मको दरभाउसहितको कोटेशन बुझाउन हुन अनुरोध गरिन्छ।

| विवरण | परिमाण |
|---|---|
| Dell i5 Processor RAM 4 GB Storage 128 SSD Display Monitor 17" | 40 pieces |
| Projector | 1 pieces |
| Computer Chair | 40 pieces |
| Smart Board | 1 |
| CCTV Camera Set of 4with 38" monitor | 1 |

पदमराज ज्ञवाली
प्रधानाध्यापक
**उजिर सिंह माध्यमिक विद्यालय**
बुटवल-२, उजिर सिंह पथ, रुपन्देही
फोनः ०७१-५३०४४३, ९८५७०२८५५२

## लुम्बिनी सांस्कृतिक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।२।१८

यस लुम्बिनी सांस्कृतिक नगरपालिकाबाट निम्न काम ठेक्काबाट गर्न परेको हुदा सिलबन्दी दरभाउपत्र पेश गर्न सूचना प्रकाशित गरिएको छ। नेपाल सरकारवाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म तथा आयकर दर्ता भएका फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

- दरभाउपत्र फाराम खरीद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ नविकरण भएको फर्म वा कम्पनीको प्रमाणपत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्र (भ्याट), न.पा. भित्रका निर्माण व्यवसायिकको हकमा न.पा. वाट प्राप्त व्यवसाय नविकरण प्रमाणपत्र, कर विवरण पेश गरेको कागजात, सम्वन्धितको नागरिकताको प्रमाणपत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि (जो दरभाउपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हुनेछ) को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने ) यस कार्यालयको राजस्व शाखामा बुझाई यस कार्यालयको लुम्बिनीवाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ।
- तपशिलमा उल्लेखित दरभाउपत्र जमानत रकम वापत यस कार्यालयको कृ. बि. बैंक लुम्बिनीमा रहेको धरौटी खाता नं. ग-३, ०४१४९०११४५७३३०१३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा त्यति रकम बराबरको ७५ दिन म्याद भएको 'क' वर्गका बाणिज्य बैंकले जारी गरेको विडवण्ड संलग्न हुनु पर्नेछ।
- कारण देखाई वा नदेखाई शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
- शर्त राखी आएको शिलवन्दी दरभाउपत्र स्वीकृत हुने छैन।
- दरभाउपत्र खरिद सुचना प्रकाशित मितिले १५ औ दिन कार्यालय समयभित्र खरिद गरी सक्नु पर्नेछ।
- दरभाउपत्रको १६ औ दिनको १२:०० बजेभित्र शिलबन्दी गरी पेश गरी सक्नु पर्नेछ।
- दरभाउपत्र १६ औ दिनको २:०० बजे खोलिनेछ।
- दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन विदा परेमा कार्यालय खोलेको पहिलो दिनमै उक्त समयमा उक्त कार्य हुनेछ।
- यसमा उल्लेख भएका शर्तहरु यसै बमोजिम र अन्य बिषय प्रचलित कानुन बमोजिम हुनेछ।

| ठेक्का नं. | योजनाको नाम | कार्यस्थल वडा नं. | ल.ई. अंक (भ्याट बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद रकम रु. |
|---|---|---|---|---|---|
| ५२-LCM/SQ/०७७/०७८ | तेलार पुलदेखि केवटालिया हुदै लम्तिहवा सडक मर्मत | २ | १२६०८१३.७७ | ३६०००.०० | १००० |
| ५३-LCM/SQ/०७७/०७८ | महिलावर चोकदेखि महाजिदिया कालोपत्रे सडक मर्मत | १० | ९७४०२५.९७ | २८०००.०० | १००० |
| ५४-LCM/SQ/०७७/०७८ | ककरहवा रोडदेखि ठुलो महुवारी हुदै सिबलावा सडक कालोपत्रे मर्मत | ४ | ८७२८०४.९१ | २५०००.०० | १००० |
| ५५-LCM/SQ/०७७/०७८ | भैसहिया चोकदेखि कर्म्हवा हुदै गेनेवारिया जाने कालोपत्रे सडक मर्मत | ७ | ७८४२३७.०३ | २३०००.०० | १००० |
| ५६-LCM/SQ/०७७/०७८ | लुम्बिनी गेट नं. ६ देखि दक्षिण खुनगाई चोक सम्म कालोपत्रे सडक मर्मत | १ र ३ | १२७७७९६.६० | ३७०००.०० | १००० |
| ५७-LCM/SQ/०७७/०७८ | महाजिया ढालादेखि पिप्रहवा हुदै सुजन्दिहावा जाने सडक कालोपत्रे मर्मत | ६ | १२६८८९१.१२ | ३६०००.०० | १००० |
| ५८-LCM/SQ/०७७/०७८ | मोगलाह चोकदेखि मोहसाद हुदै मनोरा जाने कालोपत्रे सडक मर्मत | ५ | १२७३२५७.४४ | ३६०००.०० | १००० |
| ५९-LCM/SQ/०७७/०७८ | खुनागाई चोकदेखि जयनगरा कालोपत्रे सडक मर्मत | १ र ४ | १२९८५५२.१३ | ३७०००.०० | १००० |

विस्तृत जानकारीको लागि न.पा.को प्राबिधिक शाखामा सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

## Pratappur Rural Municipality
### Office Of The Rural Municipal Executive
Belatari, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal

## Invitation for Bids

**Date of publication: 2077/02/18**

1. Pratappur Rural Municipality invites electronic bids from eligible bidders for the construction of [Construction Health post Building ] under National Competitive Bidding–Single Stage Single Envelope Bidding procedures for the flowings.

| S. N | Contract Identification No | Description Of Work | Last Date of Bidding Documents purchase | Last date of Bid Submission | Bid Opening | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) |
|---|---|---|---|---|---|---|---|
| 1 | PRM/BLDG/ NCB/38-077-78 | Pratappur gaunpalika ward no 1 ma swashthaya chouki nirman | 2078/03/16 B.S 5:00 PM | 2078/03/17 B.S. 12:00 Pm | 2078/03/17 B.S 2:00 Pm | 4,72000 | 3000.00 |
| 2 | PRM/BLDG/ NCB/39-077-78 | Pratappur gaunpalika ward no 3 ma raheko bargadawa naya swashthaya chouki nirman | 2078/03/16 B.S 5:00 PM | 2078/03/17 B.S. 12:00 Pm | 2078/03/17 B.S 2:00 Pm | 4,72000 | 3000.00 |
| 3 | PRM/BLDG/ NCB/40-077-78 | Pratappur gaunpalika ward no 7 ma raheko jagarnathpur ma swashthaya chouki nirman | 2078/03/16 B.S 5:00 PM | 2078/03/17 B.S. 12:00 Pm | 2078/03/17 B.S 2:00 Pm | 4,72000 | 3000.00 |

2. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Global IME Bank Ltd.,
   **Name of Office :** Pratappur Rural Municipality
   **Office Account no.:** K604010000016
3. **Information to deposit the Bid Security Amount(Nrs) in Bank:**
   **Name of the Bank:** Global IME Bank Ltd.,
   **Name of Office :** Pratappur Rural Municipality
   **Office Account no.:** K604010000005
5. Bid Security must be valid for a period of 120 days after bid opening.
6. Pratappur Rural Municipality, Belatari Nawalparasi (Ba.Su.PA.) reserves the right to reject or accept or cancle any bid partially or fully without assigning any reason, whatsever.
7. Other mandatory information as per PPA and PPR.


## ट्वाइलेट सफा गराउनुहोस्

तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने, चार हजार लिटर क्षमता भएको एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङको बेला पनि सेवा दिइनेछ।

**सिद्धबाबा सेनेटरी**
बुटवल-७, दीपनगर, रुपन्देही
फोनः ९८६४५७७२६२, ९८११९९६९३२, ९८०७४३६४०१

## ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।

**पाल्पाली मगर सेनेटरी**
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोनः ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङको बेला पनि सेवा दिइनेछ।

**तिनाउ सेनेटरी**
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।
बुटवल-१०, सुख्खानगर, रुपन्देही
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

## कतै ट्वाइलेट भरिएर समस्यामा त पर्नु भएको छैन ?

यदि पर्नु भएको छ भने आधुनिक तथा उच्चस्तरीय सेवाका लागि हामीकहाँ सेफ्टी टंकी सर सफाई गरिन्छ।

**सर्वेस सेनेटरी**
लोडसेडिङको बेला पनि सेवा दिइनेछ।
बुटवल-१२, कालिकानगर
फोनः ९८५७०३४३८३, ९८४७०३९१४३, ९८४७१३०७३८


मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५४६००५, ५४१५२१ (प्रशासन/विज्ञापन), ५५१०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५२६१३६